## १.परिचय :

राज्य भित्र नागरिक, जनप्रतिनिधि र कर्मचारी संयन्त्र रहेको हुन्छ । जनप्रतिनिधिहरुले कानून बनाउने तथा आवश्यक निर्णयहरु लिने कार्य गर्दछन् । सेवा पाउनु नागरिकको अधिकारको विषय हो भने सेवाहरु प्रभावकारी तवरले प्रवाह गर्नु कर्मचारीको दायित्व हो । सेवाको वरिपरि जनता घुम्ने हैन, सेवा जनताको वरिपरि घुम्नु पर्दछ । सरकारी तथा अन्य संघसंस्थाले प्रवाह गरेका सेवा तथा स्थानीय विकास निर्माण सम्वन्धमा स्थानीय नागरिकहरुले कसरी लिइ रहेका छन् ? उनीहरुको गुनासो तथा प्रतिक्रिया के छ ? सेवा प्रवाहको सम्वन्धमा उनीहरुलाई परेको समस्या तथा जिज्ञासा के छ ? भनेर जनताको राय बुझ्ने तथा प्राप्त प्रतिक्रियाको आधारमा आगामी दिनमा कमी कमजोरीहरुलाई सच्याउँदै प्रभावकारी तवरले सेवा प्रवाह गर्ने सार्वजनिक सुनुवाईको मुख्य उद्धेश्य हो । यसै क्रममा यसै क्रममा जिल्ला विकास समिति लमजुङको आयोजनामा जिल्लाको पश्चिमी क्षेत्र बाग्लुङपानी र मालिङ गाविसका नागरिकहरुलाई लक्षित गरी मिति २०७१ कार्तिक ३० गते सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रमक सम्पन्न भए पश्चात यो प्रतिवेदन तयार गरिएको छ ।

## २.उद्देश्यहरु :

कार्यक्रकम आयोजना गर्नुका उद्देश्यहरु निम्नानुसार निर्धारण गरिएको थियो :

- सरकारी कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, साधनश्रोत, योजना एवम् कार्यक्रम जस्ता सार्वजनिक चासोका विषयबारे सरोकारवाला एवं सेवाग्राहीलाई जानकारी गराउने ।
- सार्वजनिक चासोका विषयमा नीति निर्माण, योजना/बजेट तर्जुमा, निर्णय गर्दा जनताको व्यापक सहभागिता प्रबर्द्धन गर्दै लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने ।
- सरोकारवाला एवं सेवाग्राहीका पीरमर्का, गुनासोहरु पहिचान गरी समन्वयात्मक रुपमा उक्त गुनासाहरुको उचित व्यवस्थापन गर्ने ।
- सरोकारवाला एवं सेवाग्राहीका माग, पीरमर्का, गुनासाहरु के कति समाधान हुन सके र के कति कहाँबाट कसरी हुन सक्ने हो विकल्पसहितको उपाय खोजी गर्ने ।
- सरोकारवाला एवं सेवाग्राहीबाट सुझावहरु लिई सोका आधारमा सरकारी कार्यालयहरुमा उपयुक्त कार्यप्रणली र ढाँचा विकास गर्ने ।
- सरकारी कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई प्रभावकारी र पारदर्शी बनाउँदै सुशासनमा सहयोग पुऱ्याउने ।
- सेवा प्रदायक र सेवाग्राही विच रहेको सम्वन्धालाई अझ नजिक बनाउने ।
- उपभोक्ता समिति लगायतका संघसंस्थाले जिम्मेवारी लिई स्थानीय तहमा सञ्चालन गरिएका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी तथा जवाफदेही बनाउन सहयोग पुऱ्याउने ।

## ३.कार्यक्रम सञ्चालन मिति, स्थान र समय :

उक्त सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७१ कार्तिक ३० गतेका दिन बाग्लुङपानी गाविस ६ कपुरगाउँ स्थित श्री सरस्वती प्राविको प्राङ्गणमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम दिउसो १.०० बजेदेखि ४.०० बजेसम्म सञ्चालन भएको थियो ।

## ४.कार्यक्रमका सहभागीहरु :

कार्यक्रममा तपशिल बमोजिमका व्यक्तिहरुको सहभागीता थियो ।

- जिविस लमजुङका योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री खिम बहादुर विश्वकर्मा
- जिल्ला कृषि विकास कार्यालयका कृषि प्रसार अधिकृत श्री प्रकाश बस्ताकोटी
- जिल्ला पशुसेवा कार्यालयका पशु चिकित्सक श्री नारायण कुसुम

- जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक श्री देवराज पौडेल
- जिल्ला प्राविधिक कार्यालयका इन्जिनियर श्री श्री प्रसाद गुरुङ
- जिविस लमजुङका कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
- स्वास्थ्य चौकी बाग्लुङपानीका इन्चार्ज श्री राम एकवाल राय
- शिक्षक युनियन लमजुङका अध्यक्ष श्री रघुनाथ गुरुङ
- बाग्लुङपानी गाविसका सचिव श्री डिल्लीराम बराल
- बाग्लुङपानी र मालिङ गाविसस्थित राजनीतिक दलका प्रमुखहरु
- वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरु
- आमा समुह,युवा क्लव तथा स्थानीय संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु
- स्थानीय विद्यालयका शिक्षक, बुद्धिजीवी तथा समाजसेवीहरु
- अन्य कर्मचारीहरु
- जम्मा : ९१ जना । जसमध्ये ३४ जना महिला तथा १२ जना दलितको सहभागिता रहेको थियो ।

**५.कार्यक्रम व्यवस्थापन :**

कार्यक्रमको अध्यक्षता जिविस लमजुङका योजना अधिकृत श्री खिम बहादुर विकले गर्नुभएको थियो भने सहजीकरण जिल्ला विकास समितिका कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेलले गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य बाग्लुङपानीका गाविस सचिव श्री डिल्लीराम बरालले गर्नुभएको थियो । कार्यक्रका सहजीकरण गर्ने सहजकर्ताले उद्देश्य तथा आचार संहिताबारे बताउनु भएको थियो । कार्यक्रम अपरान्ह १.०० बजे शुरु भई ४.०० बजे समापन भएको थियो । कार्यक्रम स्थलमा आवश्यक फर्निचरहरुको व्यवस्था भएको थियो । सहभागी सवैको परिचय कार्यक्रम समेत गरिएको थियो । जिविसको तर्फबाट सवै सहभागीहरुलाई खाजा नास्ताको प्रवन्ध गरिएको थियो ।

**६. नागरिक वडापत्र बारे जानकारी :**

सार्वजनिक सुनुवाईमा उपस्थिति जिविस लगायत सरकारी कार्यालयहरुले आ आफ्नो कार्यालयबाट प्रदान भैरहेका तथा हुने सेवा सुविधा बारे मौखिक रुपमा जानकारी गराउने कार्य भएको थियो ।

**७.सेवाग्राहीहरुको प्रतिक्रिया संकलन :**

सेवाग्राही नागरिकहरुबाट कार्यालयहरुबाट सेवा लिन क्रममा आफूले भोगेका समस्या, लागेका जिज्ञासा, गुनासाहरु तथा राय सुझावहरु संकलन गर्ने कार्य गरिएको थियो । यस क्रममा निम्न सेवाग्राही नागरिकहरुबाट निम्नानुसारका सुझाव, जिज्ञासा र गुनासा तथा विचारहरु आएका थिए ।

**श्री गोपाल बहादुर गुरुङ, बाग्लुङपानी ५, नजरे**

- २०७० सालमा प्याजको वीउ पाइएन । मर्का पर्‍यो ।
- मेरा ३०० वटा सुन्तलाका बोटहरु छन् ।  मर्दै जान थाले, कसरी बचाउने हो ?
- अलैंचीका विरुवा उपलब्ध हुनु पर्‍यो, कहाँ पाइन्छ ?
- सात वटा टनेलमा गोलभेंडा खेती गरें तर राम्रो हुन सकेन । आवश्यक प्रविधि उपलब्ध गराइदिनु पर्‍यो ।
- हाम्रो माटो हेरिदिनु पर्‍यो । लामो समयदेखि व्यवसायिक किसान हुँ, धेरै गोता हण्डर खाएँ । तर सरकारबाट प्रोत्साहन मिल्न सकेन ।

**श्री ठग बहादुर गुरुङ, बाल्लुङपानी ५**

- कृषि व्यवसायको लागि छुट्टै अनुदान पाइन्छ भन्ने सुनेको छु । प्रक्रिया के हो ? कस्तालाई दिने हो ? कसरी पाइन्छ ?
- मैले गोलभेंडा खेतीको लागि टनेल माग गरी कृषि कार्यालयमा निवेदन दिएको थिएं । के भएको छ ?

**श्री डिकेन्द्र गुरुङ, मालिङ ५**

- मालिङको पशुसेवा केन्द्रमा प्राविधिक छैन । उपलब्ध गराइदिनु पर्‍यो ।

**श्री गम बहादुर गुरुङ (गजेन्द्र) मालिङ ५**

- योजना सञ्चालनको उपभोक्ता समितिमा बस्ने मानिस पाउनै मुश्किल छ । योजना संझौता गर्दा जिविसले उपभोक्ता समिति सवैको नागरिकताको फोटोकपि खोज्छ । सवैको जुटाउनै कठिन हुने । कहिले काँही पदाधिकारीहरुको मात्रै भए पनि हुने भन्ने पनि सुनेको थिएं । साँचो कुरा के हो ?

**श्री राधिका गुरुङ, बाग्लुङपानी १**

- पशुसेवा केन्द्रका पहिलेका प्राविधिक कमल भण्डारी सक्रिय थिए । घर घर गाउँ गाउँ पुगेर सेवा दिएका थिए । अहिले त को छ थाहा पनि छैन । चिनेको पनि छैन ।

**श्री सुरजंग गुरुङ,बाग्लुङपानी ६**

- जिविस लमजुङले बेसीशहर बाग्लुङपानी घलेगाउँ भुजुङ हरित सडकमा बजेट छुट्याउँछ तर उपभोक्ता समितिले राम्रो काम गरेको छैन । निगरानी हुनु पर्‍यो ।
- कृषि विकास कार्यालयले कार्यालय मात्रै राखेर भएन । कृषकहरुले मागेको वीउ विजन उपलब्ध गराउनु पर्‍यो ।
- मावि स्कुलहरु त ठीकै छन् । तर प्राविहरुको स्तर भएन । शिक्षकहरुको नियमित उपस्थिति छैन । मुक्ति सर विद्यालयमा रक्सी खाएर आउँछन् । त्यस्तो शिक्षकलाई *के* पेन्सनमा पठाइदे, के आफ्नो गाउँमा लैजा ।

**श्री राज बहादुर गुरुङ, बाल्लुङपानी ५**

- सुन्तला खान हिउँदमा चिसो हुन्छ । यसलाई कसरी भण्डारण गरेर चैत वैशाखमा खान सकिन्छ ?

**श्री यम बहादुर गुरुङ, बाग्लुङपानी ५, नजरे**

- जति जना विद्यार्थी भए पनि विद्यालय गाभ्ने कुरा हुनुहुँदैन । मर्ज गर्दा अप्ठेरो हुन्छ ।
- भेटनरीमा गयो एक ट्याब्लेट औषधी पनि पाइँदैन ।
- जिविसले तार जाली बाँड्छ । तर गयो तारजाली पाइँदैन ।

**वि माया परियार, बाग्लुङपानी ९**

- पोहोर एक पटक मकैको वीउ लिन कृषि अफिस गएको थिएं । दिनुभएन । घरकै पुरानो वीउ लगाएं ।

**श्री गंगा बहादुर गुरुङ, बाल्लुङपानी ५**

- बेसीशहर चण्डीस्थान नजरे कपुरगाउँ सडक विचमा रोकिएको छ । जिविसमा कति कति रकम फ्रिज भएको सुनिन्छ । यो सडकमा हाल्न मिल्दैन ?

- कृषिले उन्नत कोदो कार्यक्रम लागु गरिदिनु पर्‍यो

**श्री रघुनाथ गुरुङ, मालिङ ३**

- द्वन्द्व कालमा गाविस सचिवहरु बेसीशहर केन्द्रित भए । तर अहिले त गाउँमा नै बस्नु पर्‍यो नि । दुई गाविस हेर्ने गाविस सचिवले दुवै गाविसबाट घरभाडा राख्दा प्रशासनिक खर्च बढेको छ । गाविस सचिवहरुले गरेका सिफारिशले कति जनताहरु दुःख पाएर हिंडेका छन् ।
- नयाँ गाविस भवन निर्माण योजनाको सार्वजनिक परीक्षण हुनु पर्‍यो । गाविसको पुरानो कवाडी सामाग्रीहरु लिलामी हुनु पर्‍यो ।
- उपभोक्ता समिति ४।५ पटक बेसीशहर जाँदा खर्च कसरी धान्ने हो ? व्यवस्था होस् ।
- सवै योजनाहरुको सार्वजनिक परीक्षण हुनु पर्‍यो ।
- कृषि कार्यालयले १।२ प्याकेट वीउ दिएर तथा पशु सेवाले १।२ वटा चल्ला दिएर हुनेलवाला केही छैन । अव व्यवसायिक रुपमा जानु पर्छ ।
- कृषि पेशामा विमा होस् । बजारको सुनिश्चितता होस् ।
- कृषिमा ऋण तथा अनुदान दुर्गमका बासिन्दाले पाउनु पर्छ । पहुँचका आधारमा हुनु भएन ।
- विद्यालय त मर्ज गर्नै  पर्ने छ ।

**श्री बुद्धि प्रसाद गुरुङ, मालिङ ३**

- जिविसको सडक बनाउने कार्य जहिले पनि वर्षा याममा हुन्छ । अव हिउँदमा सडक बनाउनु पर्‍यो ।
- ग्रामीण सडकहरु स्तरोन्नति हुन नसक्दा गाढी भाडा बढी छ । गाढी भाढाको कारण कृषि उपज बजारमा लैजान सकिएको छैन ।
- विद्यार्थीहरु नीजि तर्फ आकर्षित भए । भोलि सरकारी मावि पनि चल्न गाह्रो छ । सरकारी विद्यालयमा स्थानीयबासीहरुको योगदान बढी छ । तर सवै विद्‍यार्थीहरु बोर्डीङ जान थाले ।
- कृषिमा विशेष गरी अलैंची खेती विस्तार गर्नु पर्‍यो ।
- हाम्रो स्वास्थ्य चौकीमा एक कर्मचारी काजमा बेसीशहर गएको छ । यहाँ खाली भयो । पठाइदिनु पर्‍यो ।

**श्री काशीजंग घले, मालिङ ३**

- कर्मचारी नेतालाई जसले रिझाउँछ उसैले मात्रै योजना पाउने भयो ।
- कृषिको स्वरोजगार कार्यक्रमले युवालाई कति स्वदेशमा अड्याउन सकेको छ ?
- म कृषक उद्यमी हुँ । कृषिबाट पाउने अनुदान मैले पाउँन सक्छु या सक्दिन ?
- मालिङ गाविसमा एउटा वडा जनसंख्या विहिन छ । त्यस्तो वडा रहन्छ वा रहँदैन ?
- मालिङ कपुरगाउँ सडकलाई ठेक्कामा दिने हो वा उपभोक्ताले गर्ने हो ?

**जीत बहादुर गुरुङ, बाग्लुङपानी ५**

- कसैले पनि जथाभावी बस्तुभाउ छोड्न पाइँदैन ।

**जमानसिंह दुलाल, बाग्लुङपानी ९**

- टनेल व्यवसायको खेती गर्दा के कस्तो छुट पाइन्छ ? स्पष्ट पारिदिनु पर्‍यो ।

**८.सेवाप्रदायक संस्थाहरुबाट स्पष्ट पार्ने र प्रतिबद्धता व्यक्त गर्ने कार्य**

सेवाग्राहीहरुबाट जिज्ञासा, गुनासा, र सुझाव प्राप्त भै सकेपछि उठेका सवालहरुमा आ आफ्नो कार्यालयसंग सम्वन्धित विषयबस्तुहरुमा सम्वन्धित कार्यालय प्रमुखहरुले स्पष्ट पार्ने, जवाफ दिने कार्य भएको थियो । आएका कतिपय सुझावहरुलाई मनन् गरी आगामी दिनमा सच्याउँदै लैजाने प्रतिवद्धता समेत व्यक्त भएका थिए ।

**९. समापन :**

कार्यक्रमको समापन सत्रमा कार्यक्रमका अध्यक्षता गरिरहनु भएका जिविसका योजना अधिकृत श्री खिम बहादुर विश्वकर्माले उठेका सवालहरु सम्वन्धित कार्यालयमा पुग्ने र कुनै न कुनै रुपमा सम्बोधन हुने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

**समाप्त**

***अनुसूचीहरु :***

१. सम्वन्धित तस्वीरहरु

२. कार्यक्रमको उपस्थिति :

**अनुसूची १ :**
**मिति २०७१।०७।३० मा बाल्गुडपानी गाविस ६ कपुरगाउँमा गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमका तस्वीरहरू**







